# प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६

राजपत्रमा प्रकाशन मितिः २०७६/०८/२२

**संशोधन**

*विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०७७*

*-२०७७/०५/११*

*विपद् व्यवस्थापन कार्य सञ्चालन (दोश्रो संशोधन) निर्देशिका,२०७८*

*-२०७८/०६/१२*

*विपद् व्यवस्थापन कार्य सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७९*

*-२०७९/०४/३१*

*विपद् व्यवस्थापन कार्य सञ्चालन (चौथो संशोधन) निर्देशिका, २०७९*

*-२०७९/०८/२८*

**प्रस्तावनाः** प्रदेशभित्र प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न तथा विपद्मा परेका सर्वसाधारणहरूको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न नेपालको संविधान र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम प्रदेशमा विपद् व्यवस्थापन कार्य प्रभावकारी रूपमा संचालन गर्न आवश्यक भएकोले प्रदेश प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागू हुनेछ ।

(३) यो निर्देशिका प्रदेश नं. ५ भित्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "**परिषद्**" भन्नाले यस निर्देशिकाको दफा ३ बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन परिषद्लाई सम्झनुपर्छ।

(ख) "**कार्यकारी समिति**" भन्नाले यस निर्देशिकाको दफा ६ बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई सम्झनुपर्छ ।

(ग) "**ऐन**" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(घ) "**कोष**" भन्नाले यस निर्देशिकाको दफा ९ बमोजिमको कोष सम्झनुपर्छ ।

(ङ) "**गैरप्राकृतिक विपद्**" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, भिरवाट वा रूखबाट लडेको, ताल, पोखरी वा नदिमा डुबेको, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार

कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनुपर्छ।

(च) "**प्राकृतिक विपद्**" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विष्फोट, डढेलो, अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(छ) "**प्रारम्भिक पुनर्स्थापना**" भन्नाले विपद् प्रभावित परिवारका व्यक्तिहरूलाई तत्कालका लागि आवश्यक आश्रय तथा दैनिक गुजाराका लागि बन्दोवस्ती भन्ने सम्झनुपर्छ । यो शब्दले पीडित व्यक्तिहरूलाई प्रदान गरिने स्वास्थ्य तथा मनोविमर्श सेवा समेत जनाउँदछ ।

(ज) "**पूर्वतयारी**" भन्नाले विपद् आउनु पहिले संभाव्य जोखिमको आँकलन गरी त्यसबाट हुने क्षति न्यूनीकरण तथा प्रतिकार्यसँग सम्बन्धित आवश्यक तयारी भन्ने सम्झनुपर्छ।यो शब्दले आपत्कालीन अवस्थामा आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामग्री र खोज तथा उद्धारका लागि चाहिने सामग्री तथा उपकरणहरूको भण्डारण भन्ने समेत बुझाउने छ ।

(ज१) "खोज तथा उद्दार" भन्नाले विपद्मा परी हराएका एवं जोखिममा रहेका व्यक्तिहरूको मानव संशाधन, विभिन्न यन्त्र उपकरण र साधनहरू प्रयोग गरी गरिने खोजी एवं उद्दार कार्यलाई सम्झनुपर्छ । यसले हवाई उद्दार सम्बन्धी कार्यलाई समेत बुझाउछ।

तेश्रो संशोधनद्वारा थप

(झ) "**मन्त्रालय**" भन्नाले [+]प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(ञ) "**राहत**" भन्नाले प्रदेश सरकारले प्रदान गर्ने विपद् प्रभावित परिवारलाई उपलव्ध गराइने नगद वा जिन्सी लगायतका सेवा सुविधा सम्झनुपर्छ ।

(ट) "**विपद्**" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(ठ) "**विपद् जोखिम न्यूनीकरण**" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ ।

(ड) "**विपद् व्यवस्थापन**" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(ढ) "**कोष सञ्चालन समिति**" भन्नाले यो निर्देशिकाको दफा ११ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ण) "**संकटासन्नता**" भन्नाले विपद्बाट सृजना हुने संकटको अवस्थालाई सम्झनुपर्छ ।

---

[+] तेश्रो संशोधनद्वारा संशोधित

## परिच्छेद - २

## प्रदेश विपद् व्यवस्थापन परिषदको गठन

३. **प्रदेश विपद् व्यवस्थापन परिषद्को गठनः** (१) विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा संचालन गर्न एक प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ र परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका मन्त्रीहरू - सदस्य

(ग) प्रदेश सभाको विपक्षी दलको नेता - सदस्य

(घ) प्रदेश सरकारको प्रमुख सचिव - सदस्य

[1](ङ) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरू - सदस्य

*(ङ) ------------------------------------------------------------------------------

*(च) ------------------------------------------------------------------------------

*(छ) ------------------------------------------------------------------------------

*(ज) ------------------------------------------------------------------------------

#(ज१) प्रदेश योजना आयोगका उपाध्यक्ष - सदस्य

(झ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट कम्तिमा एक जना महिला सहित प्रदेश विपद् व्यवस्थापन परिषदबाट मनोनित २ जना -सदस्य

---

[1] दोश्रो संशोधनद्वारा थप

* दोश्रो संशोधनद्वारा हटाइएको

# पहिलो संशोधनद्वारा थप

[✈](ञ) आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका सचिव- सदस्य सचिव

[**](२) उपदफा (१) बमोजिमको समितिको बैठकमा प्रदेशमा खटिएको नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धानका प्रमुखहरू, प्रदेश भित्रका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, प्रदेश प्रहरी प्रमुख, प्रदेश अनुसन्धान ब्यूरो प्रमुखहरू र विपद्सँग सम्बन्धित अन्य संघ-संस्थाका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधी ३ वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बेला सदस्यको पदबाट हटाउन सक्नेछ ।

४. **परिषद्को बैठक सम्बन्धी व्यवस्था :** (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले अठ्चालीस घण्टा अगावै परिषद्को बैठक बोलाउन सक्नेछ ।

---

✈ तेश्रो संशोधनद्वारा संशोधित

** पहिलो संशोधनद्वारा संशोधित

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(४) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्न सक्नेछ।

(५) परिषद्को निर्णय परिषद्को अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ ।

५. **परिषद्को काम, कर्तव्य र अधिकार :**

(क) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने,

(ख) आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक कानूनी तथा नीतिगत मार्गदर्शन गर्ने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने ।

## परिच्छेद - ३

## प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति

६. **प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिः** (१) परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने काम समेतका लागि एक प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहनेछ । कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) आन्तरिक मामिला तथा कानून मन्त्री - अध्यक्ष

[1](ख) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरू - सदस्य

*(ख) ---------------------------------------------------------------------------------

*(ग) ---------------------------------------------------------------------------------

*(घ) ---------------------------------------------------------------------------------

*(ङ) ---------------------------------------------------------------------------------

*(च) ---------------------------------------------------------------------------------

(छ) प्रमुख, प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. ५ - सदस्य

#(छ१) प्रदेश अनुसन्धान ब्यूरो प्रमुख - सदस्य

(ज) अध्यक्ष, उद्योग वाणिज्य महासंघ,प्रदेश नं. ५ - सदस्य

(झ) अध्यक्ष, नेपाल यातायात व्यावसायी महासंघ, प्रदेश नं. ५ - सदस्य

(ञ) प्रमुख, नेपाल रेडक्रस, प्रदेश नं. ५ - सदस्य

(ट) आन्तरिक मामिला तथा कानून मन्त्रालयका

---

[1] दोश्रो संशोधनद्वारा थप

* दोश्रो संशोधनद्वारा हटाइएको

# पहिलो संशोधनद्वारा थप

विपद् हेर्ने महाशाखा प्रमुख - सदस्य सचिव

**(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा प्रदेशमा खटिएको नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान ब्यूरोको प्रमुख, प्रदेश राजधानी स्थित जिल्लाको प्रमुख जिल्ला अधिकारी र विपद्सँग सम्बन्धित अन्य संघ-संस्थाका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

७. <u>**कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था :**</u> (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कार्यकारी समितिको सदस्य-सचिवले कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

तर तत्काल कार्यकारी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले चौबीस घण्टा अगावै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(४) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(५) कार्यकारी समितिको निर्णय सो समितिको अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ ।

---

** पहिलो संशोधनद्वारा संशोधित

८. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :</u>** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्बाट स्वीकृत प्रदेश नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

**(ख) विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहत वितरण कार्यमा सम्बन्धित निकाय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने, गराउने,

---

** पहिलो संशोधनद्वारा संशोधित

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रचलित कानूनको अधिनमा रही राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत वा सहयोगलाई व्यवस्थित र समन्वयात्मकरुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ठ) विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ड) विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ढ) विपद्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण अद्यावधिक गर्ने, गराउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गरेका क्रियाकलापहरूका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(त) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने,

(थ) विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुननिर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने,

(द) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ध) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(न) कोष संचालन समितिको कामकारवाहीको अनुगमन गर्ने,

(प) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार वा प्रदेश विपद् व्यवस्थापन परिषद्ले तोकेका अन्य कार्य गर्ने, गराउने,

(फ) आफ्नो कार्यक्षेत्र अन्तर्गतका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन परिषद्मा पठाउने,

(फ) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४

## प्रदेश विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

९. **प्रदेश विपद् व्यवस्थापन कोषको व्यवस्था:**(१) विपद् व्यवस्थापनका लागि प्रदेश स्तरमा एक छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) विपद्बाट भएको क्षतिको राहत वितरणसम्बन्धी मापदण्ड,२०७४ बमोजिम स्थापित कोषको मौज्दात रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम,

(घ) केन्द्रीय स्तरको विपद् व्यवस्थापन कोषबाट प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट स्वीकृति लिई विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(च) विभिन्न व्यावसायिक प्रतिष्ठान वा सार्वजनिक संस्थाले उपलब्ध गराउने रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१०. **कोषको सञ्चालन:** (१) कोषको सञ्चालन देहाय बमोजिम हुनेछ :-

✈(क) कोषमा रहेको रकम विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, प्रारम्भिक पुनर्स्थापना एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र विपद् प्रभावितको पुनर्स्थापनाको लागि मात्र खर्च गरिनेछ ।

---

✈ तेश्रो संशोधनद्वारा संशोधित

(ख) कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

**(ग) कोषको रकम प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहबाट पहिचान भै सिफारिस भएका कार्यहरुलाई प्राथमिकता दिइने छ।

(२) कोषमा प्राप्त रकम प्रदेश सरकारको खाता संचालन हुने बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३)कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) कोष सञ्चालन समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

✈(५) कोषको रकम खर्च गर्दा जुनसुकैबेला आइपर्नसक्ने विपद्को अवस्थालाई आँकलन गरी आकस्मिक रुपमा खोज तथा उद्दार गर्न, राहत उपलब्ध गराउन, प्रारम्भिक पुनर्स्थापना गर्न एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्नको लागि कोषमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले तोके बमोजिमको न्यूनतम रकम रहने सूनिश्चितता गर्नुपर्नेछ ।

११. **कोष संचालन समितिको गठन तथा काम, कर्तव्य र अधिकारः** (१)कोषको रकमलाई प्रभावकारी ढंगले संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष संचालन समिति रहनेछ :-

✈(क) सचिव, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय - अध्यक्ष

---

** पहिलो संशोधनद्वारा संशोधित

✈ तेश्रो संशोधनद्वारा संशोधति

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएका रा.प. द्वितीय श्रेणी/नवौं वा दशौं तहका अधिकृत - सदस्य

✈(ग) आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयले तोकेको महाशाखा प्रमुख -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको रा.प. द्वितीय श्रेणी/नवौं वा दशौं तहका अधिकृत - सदस्य

✈(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय -सदस्य

✈(च) प्रमुख, विपद् व्यवस्थापन समन्वय शाखा आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय - सदस्य सचिव

(२) कोष संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको वार्षिक कार्ययोजना बनाई कार्यकारी समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने,

(ग) कोषको खाता संचालन गर्ने व्यवस्था मिलाउने र कोषको परिचालन मितव्ययी ढंगले गर्ने,

(घ) ** प्रमुख जिल्ला अधिकारी र स्थानीय तहको सिफारिसको आधारमा राहत रकमको एकिन गरी उपलब्ध गराउने,

△(घ१) विपद्बाट प्रभावितको निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

---

✈ तेश्रो संशोधनद्वारा संशोधित

** पहिलो संशोधनद्वारा संशोधित

△ तेश्रो संशोधनद्वारा थप

प्राधिकरणबाट अनुमोदन भई जिल्ला प्रशासन कार्यालयबाट माग भएबमोजिम प्रदेश सरकारले व्यहोर्नुपर्ने रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा पठाउने ।

(ङ) ✈जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट विपद् पूर्वतयारी, खोज तथा उद्दार, प्रारम्भिक पुनर्स्थापना एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी प्राप्त कार्यक्रममको मूल्याङ्कन गरी कार्यकारी समितिमा पेश गर्ने,

(च) विभिन्न व्यावसायिक प्रतिष्ठान र संघसंस्थाहरुलाई कोषमा रकम योगदानका लागि आह्वान गर्ने,

(छ) कोषको आय व्ययको लेखा राखी मासिक विवरण तयार गर्ने,

(ज) कोषका आय व्यय विवरण अद्यावधिक रुपमा सार्वजनिक गर्ने,

(झ) कोषबाट भएको खर्चको लेखापरीक्षण गराउने,

(ञ) कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने।

---

✈ तेश्रो संशोधनद्वारा संशोधत

## परिच्छेद - ५

## राहत वितरणसम्बन्धी व्यवस्था

**१२. राहत वितरणः** **(१) विपद्‌बाट देहाय बमोजिमको क्षतिको लागि स्थानीय तह र प्रहरी मुचुल्का समेतको आधारमा प्रमुख जिल्ला अधिकारीबाट सिफारि भै आएमा क्षतिबाट सृजित संकटासन्नता अनुसार देहाय बमोजिम थप राहत उपलब्ध गराउन सकिनेछ :-

"[1](क) परिवारले आवासको रुपमा प्रयोग गर्दै आएको घर पूर्ण क्षति भएमा परिवारको सदस्य संख्याको आधारमा प्रति सदस्य रु. १०,०००।— (दश हजार) का दरले बढिमा रु. ५०,०००।— (पचास हजार) ।

तर,

परिवार संख्या नखुलेको अवस्थामा सम्बन्धित स्थानीय तहबाट सिफारिस भै आएका घर धनी तथा वहालमा बस्ने व्यक्तिको प्रति परिवार समेतलाई एकमुष्ट रु. ३००००।- (तीस हजार) राहत रकम उपलब्ध गराइने छ।

(ख) बहालमा बसेका आवास विहीन भएकाहरूलाई बढीमा रू. १०,०००।- (दश हजार)।

---

** पहिलो संशोधनद्वारा संशोधित

[1] चौथव संशोधनद्‌वार संशोधित

+(ग) परिवारले आवासको रूपमा प्रयोग गर्दै आएको घर आंशिक रूपमा क्षति भएमा बढीमा रू. २०,०००।- (बीस हजार) ।

#(ग१) घरबासको लागि प्रयोग भएको जग्गा, जमिन नोक्सान भएको र घरबास निर्माणको लागि अन्य स्थानमा जग्गा नरहेको वा प्रभावितको नाममा भएको जग्गामा घरबास निर्माण गर्न नसकिने भएमा रू. ५०,०००।- (पचास हजार)

**(घ) पसल वा व्यापार नोक्सान भएकाहरूलाई बढीमा रू.५०,०००।- (पचास हजार)।

**(ङ) प्रकोपमा परी घाइते हुनेहरूका लागि अस्पतालमा उपचार गराउँदा लागेको विल बमोजिमको बढीमा रू. १,००,०००।- (एकलाख) र तराईका जिल्लामा रू. २,५००।— (दुई हजार पाँच सय) र पहाडी तथा हिमाली जिल्लामा रू. ५,०००।- (पाँच हजार) सम्मको अस्पताल आवतजावत खर्च ।

(च) प्रकोपमा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई प्रति मृतक रू. १,००,०००।- (एकलाख)।

(छ) व्यापारिक प्रयोजनका उद्योग व्यवसायको क्षतिको हकमा वढीमा रू. १,००,०००।- (एकलाख) ।

---

# पहिलो संशोधनद्वारा थप

** पहिलो संशोधनद्वारा संशोधित

(ज) कुनै व्यक्तिले प्रदेशभित्र सञ्चालित आयोजना वा व्यवसायको लागि बैङ्क तथा वित्तिय संस्थाबाट कर्जा लिएको रहेछ भने र विपद्का कारण उक्त आयोजना वा व्यवसायमा क्षति पुगी सो वर्ष ब्याज तिर्न नसक्ने अवस्था भएमा रू.१,००,०००।- (एक लाख) मा नबढ्ने गरी एक वर्षको व्याज ।

(झ) कुनै व्यक्तिले आफ्नो परिवारका सदस्यहरूको वा आफ्नो पेशा व्यवसाय वा खेती वा पशुधनको वीमा गराएको रहेछ र विपद्को कारण सो वर्ष बिमा प्रिमियम तिर्न नसक्ने अवस्था भएमा रू. १,००,०००।- (एकलाख) मा ननाघ्ने गरी एक वर्षको बीमा प्रिमियम।

#(झ१) आगलागी, बाढी, पहिरो र डुबानमा परी गोठ समेत क्षति भई जीवन निर्वाहको लागि पालेको पशुपन्छीको क्षति भएको र त्यस्तो पशुपन्छीको बिमा नगरेको भएमा बढीमा रू. ५०,०००।— (पचास हजार) । यसरी राहत प्राप्त गर्नेले आफ्नो पशुधनको अनिवार्य रूपमा बिमा गराउनुपर्नेछ ।

-(२) ------------------------------------------------------------------------

# पहिलो संशोधनद्वारा थप

- पहिलो संशोधनद्वारा हटाइएको

**(३) विपद् प्रभावितले राहतको लागि निवेदन दिँदा नेपाली नागरिकताको प्रमाणप्रत्रको प्रतिलिपी, क्षतिको विवरण एकिन भएको प्रहरी मुचुल्का र घटना पुष्टी हुने प्रचलित कानून बमोजिमका आवश्यक अन्य कागजातहरू समेत संलग्न गरी बढीमा तीस दिनभित्र स्थानीय तहमा निवेदन दिइसकेको हुनुपर्नेछ । स्थानीय तहले निवेदन प्राप्त भएको सात दिनभित्र जिल्ला प्रशासन कार्यालयमा र जिल्ला प्रशासन कार्यालयले सात दिनभित्र मन्त्रालयमा सिफारिस गरिसकेको हुनुपर्नेछ ।

**(४) माथि उपदफाहरूमा जेसुकै कुरा लेखिएको भएता पनि विपद्बाट भएको क्षतिको सङ्कटासन्नता हेरी आकस्मिक रूपमा राहत उपलब्ध गराउनु पर्ने वा खोज तथा उद्धारमा खर्च गर्नुपर्ने अवस्था भएमा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले यो निर्देशिकामा तोकिए बमोजिम सम्बन्धित तहको विपद् व्यवस्थापन कोषबाट खर्च गरि सोधभर्ना माग गर्न सक्नेछ ।

#(४क) यसरी प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा उपलब्ध गराइने रकम मन्त्रालयले तोके बमोजिमको विपद् सम्बन्धी काममा खर्च गर्न बाधा पर्ने छैन ।

✈(५) कोषमा रु. दश करोड नघट्ने गरी रकमको व्यवस्था गरिनेछ । चौमासिक रुपमा कोषबाट खर्च भएको रकम मन्त्रालयले प्रदेशमा अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट शोधभर्ना प्राप्त गर्नेछ ।

---

** पहिलो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वारा थप

✈ तेश्रो संशोधनद्वारा संशोधित

## परिच्छेद - ६

## विविध

**[1३. <u>कोष संचालन तथा अन्य प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u>** कोष संचालन सम्बन्धी प्रशासनिक खर्च तथा विपद्को समयमा खोज, उद्दार तथा राहत सम्बन्धी अन्य कार्य संचालन गर्दा लाग्ने खर्च मन्त्रालयको बजेटमा व्यवस्था हुनेछ।

#१३(क). **राहत रकम रोक्का तथा अनुलउपर र कारवाही सम्बन्धी व्यवस्थाः** (१) कुनै व्यक्तिले विपद्को घटना घट्न सक्ने गरी लापरबाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(२) कसैले विपद् बाहेक अन्य घटनाको कारण प्रभावित भएको तर राहत प्राप्त गर्ने मनसायले विपद्को कारण प्रभावित भएकोमा वा विपदबाट वास्तविक प्रभावितसँग आफ्नो नाम समावेश गर्न लगाई वा आफैले घटना घटाई यस निर्देशिका बमोजिम प्रदान गरिने राहत रकम प्राप्त गर्ने उद्देश्यले झुठा कागजात तथा सिफारिस बनाई वा बनाउन लगाई राहत रकम प्राप्त गर्न लागेको भन्ने सूचना प्राप्त भएमा त्यस्तो राहत रकम रोक्का राख्न वा रोक्का राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम राहत रकम प्राप्त गरिसके पश्चात जानकारी हुन आएमा राहत प्रदान गरेको रकम राहत प्राप्त गर्नेबाट सरकारी बाँकी सरह असुल उपर गर्न मन्त्रालयले जिल्ला प्रशासन

** पहिलो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वार थप

कार्यालयलाई निर्देशन दिन सक्नेछ । यसरी असुल उपर गरेको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा आम्दानी बाँधिनेछ ।

**१४.** <u>**खारेजी र बचाउः**</u> (१) विपद् व्यवस्थापन कोष संचालन निर्देशिका,२०७५ खारेज गरिएको छ ।

(२) विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**

**कोमल प्रसाद धमला**

**प्रदेश सचिव**